म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १२२ २०७९ चैत १२ गते आइतबार 26 March 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## राष्ट्रपतिलाई रेडियो उपहार

काठमाडौंः राष्ट्रपति रामचन्द्र पौडेलले सामुदायिक रेडियोहरूले नागरिकलाई श्रमप्रति सम्मानको भावना जगाउने गरी सामग्री प्रसारणमा जोड दिएका छन्। सामुदायिक रेडियो प्रसारक संघ (एकोराब) नेपालको कार्यसमितिसँग शनिबार शीतलनिवासमा भेट गर्दै राष्ट्रपति पौडेलले श्रम संस्कृतिलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका हुन् । '८ कक्षा, एसएलसी उत्तीर्ण हुनासाथ काम गर्नुहुँदैन भन्ने भावनाको विकास भइरहेको छ,' उनले भने, 'श्रम गर्नु राम्रो हो, यसले तन र मन दुवैलाई स्वस्थ बनाउँछ भन्ने भावना विकास हुनेगरी सामुदायिक रेडियोले काम गर्नुपर्छ।' उनले देशका कुना कन्दरासम्म फैलिएर रहेका सामुदायिक रेडियोहरुले नागरिकको सूचनाको लागि महत्वपूर्ण काम गरिरहेको बताए । संघका अध्यक्ष अर्जुन गिरीले राष्ट्रपति पौडेललाई सफल कार्यकालको शुभकामना दिँदै सामुदायिक रेडियोहरुको पनि अभिभावक बन्न आग्रह गरे। स्रोतः अनलाइनखबर।

## अन्तरपालिका फुटबलको उपाधि हेटौंडालाई




समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको मकवानपुर जिल्लास्तरीय अन्तरपालिका फुटबल प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको छ। शनिबार हेटौंडा-५, पिप्लेस्थित क्याम्पा रंगशालामा भएको प्रतियोगिताको फाइनल खेलमा मकवानपुरगढी गाउँपालिकालाई ४-० गोलअन्तरले हराउँदै हेटौंडाले उपाधि जितेको हो।

हेटौंडाको जितमा विनोद घलान, लक्ष्मण बिडारी, सामेल सुनार र प्रितम स्याङ्बोले समान एक-एक गोल गरे । खेलको म्यान अफ द म्याच सुनार घोषित भए । जितसँगै हेटौंडाले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता गढीले १ लाख रुपैयाँमा चित्त बुझाएको छ। हेटौंडा साविक उपविजेतासमेत हो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हेटौंडाका सामेल सुनार घोषित भए। उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगिताको विधागत उत्कृष्ट सबै हेटौंडाका घोषित भएका छन्। गोलरक्षक हेटौंडाका गोपी बर्तौला, डिफेन्डर धिरज झ्लोन, मिडफिल्डर प्रितम स्याङ्बो, फरवार्ड सागर कटुवाल र प्रशिक्षक विजयलाल श्रेष्ठ घोषित भए । विधागत उत्कृष्ट सबैलाई नगद ५ हजार रुपैयाँ प्रदान गरिएको छ ।

बकैया गाउँपालिकालाई हराउँदै हेटौंडा सेमिफाइनल प्रवेश गरेको थियो भने सेमिफाइनलमा भीमफेदी गाउँपालिकालाई हराउँदै फाइनल प्रवेश गरेको थियो। इन्द्रसरोवर गाउँपालिकालाई हराउँदै सेमिफाइनल प्रवेश गरेको गढीले बागमती गाउँपालिकालाई हराउँदै फाइनल यात्रा तय गरेको थियो ।

## एकैदिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लामा भएको छुट्टाछुट्टै घटनामा एकै दिन ५ जनाको मृत्यु भएको छ। प्रदेशको काभ्रे, धादिङ, नुवाकोटलगायतका जिल्लाहरुमा शुक्रबार भएका विभिन्न घटनामा ५ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

काभ्रे जिल्लाको धुलिखेल नगरपालिका-३, कुतालमा एक जनाको कंकाल फेला परेको छ । कुतालकै पाखोबारी फाँड्ने क्रममा नाम थर नखुलेका पुरुषको कंकाल फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । कंकाल पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

काभ्रे जिल्लाकै पाँचखाल नगर पालिका-३, सल्यानीडाँडामा एक जना मानिस मृत फेला परेका छन्। मृत फेला पर्नेमा सल्यानीडाँडाका ३५ वर्षीय उमेश कोठी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । कोठी आफ्नै घरमा मृत्त फेला परेको र निजले धेरै मादक पदार्थ सेवन गर्ने गरेको प्रहरीले

...बाँकी पृष्ठ ३ मा

## विधिको शासनको राजनीति गर्छौं: रमेश प्रसाई

समाज संवाददाता

हेटौंडाः बेतुक र लामा भाषण नभई विधिको शासनका लागि राजनीति गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केद्रीय सदस्य रमेश प्रसाईले बताउनुभएको छ । शनिबार पार्टीको भीमफेदी गाउँकमिटी गठन गर्ने क्रममा प्रसाईले अन्य पार्टीका नेताहरुले अनावश्यक भाषण गर्ने र काम नगर्ने भएकाले रास्वपाले भाषण नभई काम गरेर देखाउने बताउनुभयो ।

रास्वपामा कुनै कार्यकर्ता नहुने, पार्टीमा सबै सदस्य सहयात्री समान हुने उहाँको भनाई छ । पार्टीमा रहेका साधारण सदस्यदेखि पार्टीका सभापतिसम्म बराबर व्यवहार हुने अन्य पार्टीमा जस्तो झोले कार्यकर्ता नहुने बताउनुभयो। आफूले कसैलाई नझुक्याएको, कसैलाई नढाँटेको बताउँदै रास्वपामा कुनै फरक धार नहुने भएकाले घण्टीलाई मतदान गरेर जिताउन जनतालाई आग्रहसमेत गर्नुभयो। एक पटक रास्वपालाई भोट दिएर जिताउनुपर्ने र जिताएका प्रतिनिधिले काम नगरेमा अर्को पटक भोट माग्न आउँदा घरबाट लखेट्ने सुविधा भएको उहाँको भनाई छ ।

प्रसाईले आगामी दिनमा अन्य दलको दलदललाई बिर्सन आवश्यक रहेको धारणा राख्नुभयो । विगतका दिनहरुमा उच्चस्तरका उपचार गर्ने अस्पताल निर्माण गर्न नसक्नु अन्य दलको अवस्था रहेको बताउँदै परिवर्तन, विकास सबैलाई चाहिएको र सबैको सपना भएको बताउनुभयो। कुनै समयमा कुशकुमार जोशीजस्ताका प्रतिबद्धतामा सुरुङमार्ग बन्ने सुनेर कयौं मानिसले सेयरमा लगानी लगाएको भए पनि त्यसको हिसाब-किताब नभएको र कुनै राजनैतिक दलका नेताहरुले बोल्न नसकेको बताउनुभयो ।

अन्य दलहरुका नेताहरु उद्योगी, व्यापारी र बिचौलियाहरुको हण्डी खाएर बाँचेकाले कुनैपनि दलका नेता बोल्न नसकेको प्रसाईको आरोप छ । आफ्ने पार्टीले कसैको हण्डी नखाने भएकाले आफ्नो पार्टीको नियत सफा रहेको बताउँदै अन्य दलहरुसँग ठूला-ठूला नीति भएको तर काम गर्ने नियत सफा नभएको स्पष्ट पार्नुभयो। रास्वपामा राजनीति पेसा नभई समाज र जनताको सेवा भएको बताउँदै आफ्नो पार्टीले कुनै पनि बहानामा चक्काजाम नगर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग नगर्ने र अपारदर्शीरुपमा कुनै पनि चन्दा नउठाउने दावी गर्नुभयो ।

आम्दानी खर्चलाई जनताले हेर्न पाउनेगरी वेबसाइटहरुमा राख्ने, पार्टीभित्र अन्य दलको जस्तो कुनै पनि पार्टी सदस्यलाई झण्डा र पार्टीको नाममा चन्दा उठाएर खाने छुट नभएको धारणा प्रसाईले राख्नुभयो ।

पार्टीमा रिटायर्ड भएका वृद्धहरु नभई काम गर्ने जोश जाँगर भएको युवाको आवश्यकता रहेको उहाँको भनाई छ । कर्यक्रममा रास्वपा मकवानपुरका जिल्ला संयोजक भरत पराजुलीको सभाअध्यक्षता र पार्टीका केद्रीय सदस्य रमेश प्रसाईको प्रमुख आतिथ्य रहेको थियो ।

## मकवानपुर क्याम्पसमा अभिभावकसँग अन्तरक्रिया




समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले अभिभावकसँग अन्तरक्रिया गरेको छ। वाणिज्य संकायतर्फ बीबीए कार्यक्रममा अध्ययनरत विद्यार्थीका अभिभावकसँग शनिबार क्याम्पस प्रशासनले अन्तरक्रिया गरेको हो। बीबीए प्रथम सेमेस्टरका विद्यार्थीका अभिभावकसँग क्याम्पस प्रशासनले पहिलो पटक अन्तरक्रिया गरेको हो ।

अन्तरक्रियामा सहभागी अभिभावकले क्याम्पस प्रशासनले अन्तरक्रियाका लागि बोलाउँदा खुसी लागेको प्रतिक्रिया जनाउँदै एक सेमेस्टरमा दुईपटक अन्तरक्रियाको आयोजना गर्न आग्रह गरेका छन्। क्याम्पस प्रशासनले पहिलो पटक आयोजना गरेको अन्तरक्रियाबाट अभिभावकले क्याम्पसका प्राध्यापकसँग परिचित हुने, क्याम्पस प्रशासनको योजनाका बारेमा थाहा पाउने अवसर प्राप्त भएको र अभिभावकले पनि आफ्ना कुरा राख्ने अवसर प्राप्त गरेको बताएका छन् । क्याम्पसका प्राध्यापकसँग परिचित हुन पाउँदा आफ्ना बाबुनानीको अवस्थाबारे क्याम्पस भन्दा बाहिर पनि प्राध्यापकसँग जान्ने, बुझ्ने अवसर प्राप्त हुने अभिभावकको अपेक्षा रहेको थियो ।

अभिभावकसँगको अन्तरक्रियामा क्याम्पस प्रशासनले अभिभावकलाई विद्यार्थीको शैक्षिक अवस्था, विद्यार्थीको उपस्थितिका बारेमा जानकारी गराएको मकवानपुर बहुमुखी क्याम्पसका बीबीए/बीबीएम कार्यक्रमका उपनिर्देशक दिनेश विडारीले जानकारी दिनुभएको छ । अभिभावकको आग्रहमै क्याम्पस प्रशासनले बीबीए/बीबीएम कार्यक्रममा एउटा सेमेस्टरमा दुईपटक अन्तरक्रिया आयोजना गर्ने प्रतिवद्धता व्यक्त गरेको उपनिर्देशक विडारीले जानकारी दिनुभएको छ ।

बीबीए/बीबीएम कार्यक्रमका निर्देशक मधुकुमार सिंहको अध्यक्षतामा भएको अन्तरक्रियामा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. शंकरप्रसाद उपाध्याय र सहायक क्याम्पस प्रमुख डा. रामप्रसाद अधिकारी पनि सहभागी हुनुहुन्थ्यो। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मकवानपुर बहुमुखी क्याम्पसमा ४ बर्षदेखि बीबीए कार्यक्रम तथा ९ बर्षदेखि बीबीएम कार्यक्रम सञ्चालन भइरहेको छ । बीबीए प्रथम सेमेस्टरमा ५८ जना विद्यार्थी अध्ययनरत छन् ।

## झुण्डिएर आत्महत्या गर्नेको संख्या उच्च

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा झुण्डिएर आत्महत्या गर्ने मानिसको संख्या उच्च रहेको छ। चालु आर्थिक वर्षको ८ महिनाको तथ्यांकअनुसार झुण्डिएर आत्महत्या गर्नेको संख्या बढी पाइएको हो ।

मकवानपुर जिल्लामा चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म ७० जनाले झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ । झुण्डिएर आत्महत्या गर्नेमा पुरुष ४६ जना, महिला १७ जना, बालक ३ जना र बालिका ४ जना रहेका छन् ।

चालु आर्थिक वर्षको ८ महिनामा आत्महत्या गर्ने ९९ जनामध्ये ७० जनाले झुण्डिएर आत्महत्या गरेको पाइएको छ। आत्महत्या गर्नेमध्ये झण्डै ७१ प्रतिशतले झुण्डिएर आत्महत्या गरेको प्रहरीको तथ्यांकले देखाएको छ ।

झुण्डिएर आत्महत्या गर्नेमा पुरुषको संख्या उच्च रहेको छ। महिलाको तुलनामा झण्डै तीन गुणा बढी पुरुषले आत्महत्या गरेको तथ्यांक छ। घरको जिम्मेवारीका कारण आर्थिक समस्याका कारण धेरै पुरुषले आत्महत्या गरेको हुनसक्ने बताइएको छ । बालबालिका पनि उल्लेख्य संख्यामा आत्महत्याको शिकार भएको पाइएको छ। बालबालिकाले नबुझेर, घरपरिवारमा आफूले भनेको कुरा नपाएर, विभिन्न खालका घटनाले आत्महत्या गरेको हुनसक्ने बताइएको छ ।

चालु आर्थिक वर्षको फागुनसम्म विष सेवन गरेर आत्महत्या गर्नेको संख्या २७ जना रहेको छ। जसमा पुरुष १३, महिला १२, बालक १ र बालिका १ रहेका छन् । विष सेवन गरेर आत्महत्या गर्नेमा महिला र पुरुषको संख्या बराबरजस्तै रहेको छ । आफ्नै शरीरमा आगो लागाएर १ जना महिलाले आत्महत्या गरेकी छिन् । हाम फालेर १ जना पुरुषले आत्महत्या गरेका छन् । ८ महिनाको अवधिमा ९९ जनाले आत्महत्या गरेका छन्। जसमा पुरुष ६० जना, महिला ३० जना, बालक ४ जना र बालिका ५ जना रहेका छन् ।

## स्ववियु निर्वाचन-२०७९ मकवानपुर क्याम्पसमा समानुपातिकतर्फ १० जना निर्वाचित

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनअन्तर्गत समानुपातिकतर्फ मकवानपुर बहुमुखी क्याम्पसमा १० जना निर्वाचित भएका छन् । स्ववियु निर्वाचन समितिले समानुपातिक तर्फबाट निर्वाचित उम्मेदवारहरुको नामावली प्रकाशित गरेको छ ।

बिहीबार प्रकाशित नामावली अनुसार बन्दसूचीमा रहेका अखिल क्रान्तिकारी र अनेरास्ववियु समुहका ५/५ जना उम्मेदवारहरु निर्वाचित भएका छन् । अखिल क्रान्तिकारीबाट अभ्युदय खनाल, प्रकाश मिजार, आयुषा तिमल्सिना, बिशेक बिक्रम शाह र बुद्ध बहादुर ब्रम्हा निर्वाचित भएका छन् । यसैगरी अनेरास्ववियुबाट रोजन घिमिरे, सुबास तामाङ, उन्नत देबकोटा, अभिषेक दहाल र निर्दोष लुइटेल निर्वाचित भएका छन् । मकवानपुर बहुमुखी क्याम्पसमा प्रत्यक्षतर्फ ११ जना र समानुपातिक १० गरी २१ सदस्यीय स्ववियु समिति निर्वाचित भएको छ । अब निर्वाचित समितिबाट उपाध्यक्ष र सहसचिव चयन गरिनेछ ।

## श्रमिक माविमा सरोकारवालाबीच अन्तरक्रिया



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माविमा सरोकारवालाबीच अन्तरक्रिया भएको छ । चालु शैक्षिक सत्रको अन्तिम समय भएको र आगामी शैक्षिक सत्रको लागि आवश्यक तयारीस्वरुप विद्यालय प्रशासनले सरोकारवालासँग अन्तरक्रिया गरेको हो । अन्तरक्रियामा सहभागीले विद्यालय प्रशासनको पछिल्लो क्रियाकलाप र शैक्षिक सुधारका कार्यक्रम सराहनीय रहेको उल्लेख गर्दै सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

विद्यालयको शैक्षिक अवस्थाका बारेमा सहायक प्रधानाध्यापक गोपीरमण प्याकुरेलले जानकारी गराउनुभएको थियो। कार्यक्रममा वडाअध्यक्ष नवीन सिग्देलले वडाको शैक्षिक अवस्था उत्कृष्ट बनाउन वडा कार्यालयले उपयुक्त योजना बनाउने बताउनुभयो । कार्यक्रममा सहभागी पूर्वविद्यार्थीले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक स्रोत, साधन जुटाउन पूर्वविद्यार्थीले अक्षयकोष स्थापना गर्ने प्रतिवद्धता जनाएका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीले विद्यालयको शैक्षिकस्तर उकास्न व्यवस्थापन समितिले सरोकारवालासँग आवश्यक परामर्श लिई अगाडि बढ्ने स्पष्ट पार्नुभएको छ । श्रमिक माविमा अहिले ४ सय २७ विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा अहिले वार्षिक परीक्षा चलिरहेको छ ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# स्थानीय पाठ्यक्रमको प्रभावकारिता

संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । कक्षा १२ सम्मको शैक्षिक व्यवस्थापन तथा अन्य अधिकार पालिकामा आएको छ । स्थानीय तहले पाएको अधिकारबमोजिम शिक्षामा सुधार ल्याउन केही प्रयत्नहरु पनि भइरहेका छन् । स्थानीय तहहरुले शिक्षा क्षेत्रको विकासका लागि गरेका केही महत्वपूर्ण कार्यहरुमध्ये स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक निर्माण र प्रयोग पनि हो । प्रत्येक स्थानीय तहको बारेमा त्यहाँका विद्यार्थीलाई जानकारी बनाउन स्थानीय पाठ्यक्रम निकै उपयोगी हुने गरेको छ । परिवर्तित पाठ्यक्रम प्रारुपमा कक्षा ८ अर्थात् आधारभूत तहसम्म गाउँ/नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गर्न पाउने अधिकार दिइएको छ । कतिपय पालिकाहरुले विभिन्न संघसंस्थाको आर्थिक, प्राविधिक सहयोग एवम् पालिकाकै स्रोत साधनबाट स्थानीय पाठ्यक्रम तयार पारेर प्रयोगमा ल्याइसकेका छन् । स्तरीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेमा यस्ता स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई सिकाई प्रक्रियामा रुचि जागृत गरी सिकाई उपलब्धी प्रभावकारी बनाउन टेवा पुग्ने देखिन्छ ।

मकवानपुर जिल्लाका पालिकाहरुले पनि धमाधम स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिरहेको छ । जिल्लाको १० वटा पालिकामध्ये हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, बागमती गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइरहेका छन् । जिल्लाको कैलाश र बकैया गाउँपालिकाले भने स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा ल्याउन सकेको छैन । राक्सिराङ गाउँपालिका मकवानपुर मै पहिलोपटक स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनमा ल्याउने पालिका हो । एक वर्षअघि नै पालिकामा कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएकोमा चालु शैक्षिक सत्रबाट कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइनेछ । राक्सिराङले पाठ्यक्रमका साथै स्थानीय विषयको पाठ्यपुस्तसमेत छपाई गरी वितरण गरेको छ ।

जिल्लाको भीमफेदी गाउँपालिकामा गत वर्षदेखि स्थानीय पाठ्यक्रम लागू गरिएको छ । कक्षा–१ देखि ५ सम्मका लागि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएको उक्त पालिकाले ६ देखि ८ कक्षासम्मका लागि भने तत्काल पाठ्यक्रम तयार नगर्ने भएको छ । यस्तै, मकवानपुरगढी गाउँपालिकामा २ वर्षअघि नै स्थानीय पाठ्यक्रम निर्माण भएर कार्यान्वनयमा आइरहेको छ । मकवानपुरगढीले कक्षा १ देखि कक्षा ८ सम्मको लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याएको छ । हेटौंडा उपमहानगरपालिकामा पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आइसकेको छ । चालु शैक्षिक सत्रबाट कक्षा १ देखि ३ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठन गर्न विद्यालयलाई आग्रह गरिएको भए पनि केही विद्यालयले यो पाठ्यक्रम कार्यान्वयन गरेका छैनन् । उपमहानगरपालिकाले क्रमश: कक्षा ४ देखि ८ सम्मका लागि पाठ्यक्रम निर्माणको तयारी गरिरहेको छ । जिल्लाका इन्द्रसरोवर तथा बागमती गाउँपालिका र थाहा नगरपालिकाले स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइसकेका छन् ।

स्थानीय विषय भने गाउँ/नगरपालिकाभित्रका विषयवस्तु हुन् । आफ्नो पालिकाको विविध क्षेत्रको विशेषतालाई स्थानीय पाठ्यक्रममा समावेश गरिनुपर्दछ । स्थानीय विषयवस्तु, रहनसहन, कृषि, उद्योग, जल, जमिन, जंगल, वातावरण, हावापानी, धार्मिक/ऐतिहासिक/सांस्कृतिक सम्पदा, पर्यटकीय स्थल आदि विषयलाई समावेश गरेर स्थानीय पाठ्यक्रम तयार पारिन्छ । यस्तो पाठ्यक्रमले विद्यार्थीलाई व्यवहारिक र उपयोगी ज्ञान दिन सकिन्छ । पठनपाठनमा विद्यार्थीको रुचि बढाउन पनि स्थानीय पाठ्यक्रम थप प्रभावकारी बन्न सक्छ । स्थानीय तहको आवश्यकताअनुसार स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले थप चासो र चिन्ता लिनुपर्ने छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : आर्थिक गतिविधिलाई ब्याबस्थापन गर्दा राम्रो होला । |
| वृष | : आय योग तर धनसंग्रह कमी हुने समय छ । |
| मिथुन | : राजनीति र सामाजिक काममा चुनौती अईपर्न सक्छ । |
| कर्कट | : सामाजिक काममा समय ब्यातित हुने समय छ । |
| सिंह | : फुर्तिलो र खुसी भएर काम गरिने समय योग छ । |
| कन्या | : पारिवारिक द्वन्द्वले मन बिचल्लित हुने समय छ । |
| तुला | : आय-आम्दानी बढ्ने समय योग देखिन्छ । |
| वृश्चिक | : प्रतिद्वन्द्वीहरु पराजित हुने समय योग छ । |
| धनु | : बौद्धिक क्रियाकलापमा सरिक भईने समय योग छ । |
| मकर | : जिम्मेवारी अनुसार काम बहन हुने समय छ । |
| कुम्भ | : आफन्तको काममा समय व्यतित हुने योग छ । |
| मीन | : आय आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात पर्ला । |

# सोमत नभाका ‘अफलाइन राइडर !’



✍मन्दिरा घिमिरे

चितवनबाट काठमाडौं आउँदा मुग्लिन तीन घण्टा जाममा नराम्ररी फसियो । कुनै न कुनै कारणले जाम भइरहने मुग्लिनमा यो पटक ट्रक आगलागी भएर जाम भएको थियो ।

काठमाडौंबाट जाँदा चार घण्टामै चितवन पुगेकी थिएँ । त्यही सम्झिएर अपराह्न ४ बजेतिर पोखरा बसपार्कबाट माइक्रो समाएँ । हिसाब गरेँ, धेरै समय लागे ६ घण्टा लाग्ला, १० बजेसम्म त कसो नपुगिएला । तर त्यसो भएन, बसपार्कबाटै माइक्रो ढिलो हिँड्यो अनि ३ घण्टे जाम !

लामो समयसम्म जाममा बस्नुपरेपछि कलंकीमा राति सार्वजनिक गाडी पाइँदैन भन्ने कुरामा ढुक्क थिएँ । पठाओ पाइन्छ त्यसैमा जान्छु भन्ने मनस्थिति बनाएँ ।

माइक्रोमा चढ्नेबित्तिकै ‘म घर आउँदैछु’ भनेर आमालाई फोन गरेकी थिएँ । ‘आज त्यहीँ बस् । छोरी मान्छे एक्लै राति घर आउनुपर्दैन । भोलि आइज, दिन आफ्नो रात अर्काको‘ भन्दै कराउन थाल्नुभएको थियो ।

भाउजूले पनि बसपार्क जानुअगावै ‘नानी आज जान पर्दैन, ढिलो भइसक्यो भोलि बिहानै जानू’ भनेर भन्भएको थियो ।

तर म चितवन जाँदा नै हिसाब गरेर गएकी थिएँ । त्यसैले सोही अनुसार घर जाने निर्णय गरेर माइक्रो चढिसकेकी थिएँ । अनि आमाले र अरु जोकोहीले पनि ‘छोरी मान्छे भएर यो र त्यो’ भनी गरेको कुराकानी कहिले पनि चित्त बुझेन, न अहिले बुझ्छ । अनि सधैं छोरी मान्छे भएर‘यो त्यो गर्न हुन्न भन्ने कुरा गर्न थालेपछि झिझो लाग्छ । अनि बहस सुरु, किन ? आमाको कुराले अनायसमै मनमा कुराहरू खेल्न थाले ।

‘दिन आफ्नो रात अर्काको भन्नुको तात्पर्य के ? २० वर्षदेखि हिँडिरहेको बाटोमा राति अफिसबाट आउँदा हिँड्नुपर्यो भने पनि दिन आफ्नो रात अर्काको भन्ने डाइलग खान्छु । किन सधैं हिँड्ने बाटोमा छोरी मान्छे राति हिँड्न डराउनुपर्ने ? किन छोरीहरूलाई रातमा नहिँड भनेर रोक्नुको सट्टा यसरी हिँड्नुपर्छ भनेर शिक्षा दिन सक्षम नभएको ? किन हिँड्ने वातावरण सृजना गर्न नसकेको ?’

लामो जामको बसाइँपछि बाह्र बजेतिर कलंकीमा माइक्रो रोकियो। मान्छे झरेर झोला पनि बोक्न नपाउँदै पठाओ र ट्याक्सी ड्राइभरहरु ‘कता जाने हो’ भनेर सबैलाई तान्न खोज्दै थिए । कोही त्यसैमा गए त कोही आफ्ना मान्छेलाई कुर्दै सामान झिक्दै थिए । यो क्रम चलिरहेको थियो ।

म लास्ट सिटमा बसेको थिएँ । बिस्तारै सबै जना झरेपछि झोला निकाल्दै थिएँ । म पनि ड्राइभरहरुको त्यो व्यवहारबाट अछुतो रहने कुरै भएन । आइहाले सोध्न ‘बहिनी कता जाने हो ? मिलाएर लगिदिन्छु ।’ चुप लागेर बसेँ । किनकि उनीहरुको कामै सोध्ने हो भन्ने बुझेकी थिएँ । बेलुकी छ बज्दा नै प्रायः पठाओहरू अफलाइन जान रूचाउँछन् र अहिले मध्यरातमा त अफलाइनमा मात्रै जान खोज्छ भन्ने हेक्का नभएको पनि होइन । सम्झिएँ ती समाचारहरू जब अफलाइन पठाओमा जाँदा लुटिएर कुटिएका घटना, सम्झिएँ दुर्घटना हुँदा यात्रु आफैंलाई सकस भएको । यस्ता घट्ना सुनेकै कारण अनलाइन बुक गरेरमात्र जाने निर्णय गरी मनसाय पहिले नै बनाइसकेको थिएँ ।

तीन वटा झोला माइक्रोबाट झिकेर फुटपाथमा ठिङ्ग उभिएँ । वरिपरिबाट ट्याक्सी र अफलाइन पठाओले यसरी सोधिरहेका थिए कि मानौं उनीहरुले हामीलाई निःशुल्क लगिदिन खोज्दैछन् । माइक्रोबाट झरेकाहरु प्रायः आफ्नो बाटो लागिसकेका थिए । कोही ट्याक्सी त कोही अफलाइन पठाओमै घर गइरहेका थिए ।

म भने फोन निकालेर पठाओ बुक गर्नतिर लागेँ । पठाओ बुक के गर्न खोज्दै थिएँ, पुरानो भइसकेको फोनले पनि यहीबेला साथ दिएन । लोकेसन नै देखाएन ।

एकातिर ट्याक्सी ड्राइभर र अफलाइन पठाओले ‘कता जाने हो’ भन्दै चुप लागेर बसेको मान्छेलाई डिस्टर्ब गर्दै थिए । अर्कातिर फोनले झोंक चलाइरहेको थियो । चुप लागेर बसिरहेको मान्छेलाई कता जाने हो भनेर सोध्नु ठूलो कुरा भएन । तर उनीहरुले जुन शैलीमा सोधिरहेका थिए, कुराकानी गरिरहेका थिए त्यो आपत्तिजनक थियो । उनीहरुले रातको समयमा एक जान केटी बसेको देखेर त्यस्तो व्यवहार गरेको मलाई आभास भयो ।

कतिलाई ‘दाइ म जाने भए त आफैं बोलाउँथें नि !’ भनेर समेत जवाफ दिएँ ।

कति भने आएर बाइक र ट्याक्सी सोध्नलाई रोक्ने र जवाफ नदिँदा पनि रोकेर केहीबेरसम्म एकटकले हेरिरहने । फोन रिस्टार्ट गरें । त्यसपछि पठाओ बुक गरेँ । त्यहाँ बसेको झन्डै पन्ध्र बीस मिनेटमा १० जना मान्छेले अफलाइन पठाओको लागि सोधे होलान् । तर बुक गरेनन् । तर पनि अफलाइनमा जान मन लागेन । पाँच-सात पटकसम्म बुक गर्छु त्यसपछि पनि केही भएन भने दाइलाई बोलाउँछु भनेर सोचेँ । ट्याक्सीमा गएर किन फजुल खर्च गर्नु जस्तो भयो । अनि अनलाइन पठाओ गर्नै लागिपरिरहेँ ।

त्यहीबीच सहरको एकान्त रातलाई केहीबेर नियाल्न पनि मन लागिहाल्यो । त्यहाँको स्पर्श लिन मन लाग्यो । किनभने मलाई आजभोलि रातहरु एकदमै प्रिय लाग्न थालेका छन् । ती अँध्यारो रातमा देखिएको जुन र तारालाई हेर्न खुबै रुचाउने भएकी छु । कहिलेदेखि यस्तो गर्ने भए त्यो याद छैन तर जुन र तारालाई साँची राखी धेरै कुराहरु आकाशलाई सुनाउने गर्छु । ऊ आजभोलि मेरो मित्र बनेको छ । नजिकको विश्वासिलो मित्र ।

मैले उसलाई कुराहरू सुनाउँदा न त मेरो कुरा कसैले सुन्न नै सक्छ न त उसले कसैलाई भनिदिन्छ भन्ने त्रास नै रहन्छ। हो त्यही भएर मेरो असल मित्र भएको हो ऊ ।

कसैले नसुनोस् उसले मात्र ध्यान दिएर मलाई सुनोस् भनी मेरा कुराहरु सधैं राति मात्र उसलाई सुनाउने गर्छु । अनि यो कुरा पनि उसलाई सुनाउँदै पठाओ बुक गर्दै थिएँ । मध्यरात पौने एक बजेको हुँदो हो ट्याक्सी ड्राइभर र पठाओले सोध्न छोडेका थिएनन् । एसेप्ट पनि गरेका थिएनन् ।

प्रायः को प्रश्न हुन्थ्यो-

‘कता जाने हो ?’

जान चाहिँ घर जाने हो । तर म अनलाइनमा मात्रै जान्छु । अफलाइनमा जान्नँ । ...बाँकी पृष्ठ ३ मा

# स्मरण क्षमता बढाउने कुनै सजिलो तरिका हुन्छ ?

आमाको गर्भमा आएको चार हप्ताबाट मस्तिष्कको विकास हुन थाल्छ । तर त्यसको कार्यक्षमताको विकास भने जन्मेको दिनबाट हुन्छ ।

जन्मपछि पाँचवटा इन्द्रियले काम गर्न थाल्छ र मस्तिष्कको कार्यक्षमताको विकास हुन्छ । ६५ वर्षको उमेरपछि मस्तिष्कको विकास कम हुन्छ भनिन्छ । तर ७० वर्षको उमेरमा पनि कसैले नयाँ कुरा सिकेको उदाहरण छ । त्यसैले दिमागी रोग छैन भने जीवनभरि नै मस्तिष्कको विकास भइरहन्छ । १५ देखि ३० वर्षको उमेरमा भने मस्तिष्क एकदमै धेरै सक्रिय हुन्छ ।

जो मान्छेमा धेरै जिज्ञासा, उत्सुकता हुन्छ उसले नै धेरै कुरा सिक्छ । त्यो उत्सुकता र जिज्ञासा जगाउन मस्तिष्कमा इन्डोर्फिन लगायतका हार्मोन निस्कन्छ । यी हार्मोनले मस्तिष्कलाई ताजा बनाएर मस्तिष्कको क्षमता बढाउँछ ।

मस्तिष्कको आकार ‘हार्डवेयर’ ठूलो हुनु यसको विकास राम्ररी भएको छ भन्ने होइन । आकारभन्दा त्यसको कार्य क्षमता ‘सफ्टवेयर’ राम्रो छ भने त्यसको विकास राम्ररी भएको छ भनेर बुझ्नुपर्छ ।

### कसरी हामी धेरै कुरा सम्झिन सक्छौं ?

हाम्रो मस्तिष्कको क्षमता असीमित हुन्छ । जीवनभरमा पनि हामीले हाम्रो मस्तिष्कलाई पूरा प्रयोग गर्न सक्दैनौं । पाँचदेखि १० प्रतिशत मात्र मस्तिष्कलाई प्रयोग गर्न सके पनि पुग्छ । तर सही तरिकाले सही ठाउँमा प्रयोग गर्नुपर्छ ।

हाम्रो मस्तिष्कमा चार भाग हुन्छन्, ‘फ्रन्टल लोब’, ‘पेराइटल लोब’, ‘टेम्पोरल लोब’ र ‘आक्सिपिटल लोब’ ।

यीमध्ये हामीले पढेको, सुनेको, देखेको कुरा ‘टेम्पोरल लोपमा गएर बस्छ र पछि त्यो गएर ‘फ्रन्टल लोब’मा गएर संग्रहित हुन्छ । त्यो कुरालाई हामीले बारम्बार सोच्न थाल्यौं भने मस्तिष्कको सबै भागमा फैलिएर बस्छ र त्यो लामो समयसम्म स्मरण हुन्छ ।

विद्यार्थीहरूले कुनै पनि चीज पढेर बिर्से जस्तो लाग्छ भने त्यसमा आत्तिनु



डा. लेखजंग थापा

पर्दैन त्यो ‘सर्ट टर्म मेमोरी’ हो । हामीले पढेको कुरालाई दोहोऱ्यायौं र सोच्यौं भने त्यो ‘लङ टर्म मेमोरीमा’ जान्छ ।

### कुनै कुरा कसरी स्मरणमा राख्ने ?

पढेको कुरालाई लामो समय स्मरण गर्नु छ भने हाम्रो पाँच इन्द्रियलाई सक्रिय गराउनुपर्छ । कुनै कुरालाई पढेर मात्र बुझिंदैन भने त्यसलाई श्रव्य-दृश्य मार्फत सुन्नु हेर्नु पनि पऱ्यो । यसो गर्दा हाम्रो इन्द्रिय सक्रिय हुन्छ र त्यो कुरा लामो समयसम्म याद रहन्छ ।

कुनै पनि कुरालाई स्मरण गरिराख्न ‘निमोनिक्स’ छोटकरी सूत्र अपनाउन सकिन्छ । जस्तो काठमाडौंलाई ‘केटीएम’ भनेर छोटो रुप बनायौं भने सम्झिन सजिलो हुन्छ । वरपरको वातावरणले पनि स्मरण क्षमता बढाउनमा भूमिका खेल्छ । विद्यालयको वातावरण, घरको वातावरण राम्रो छ भने बच्चालाई तनाव हुँदैन र उसले कुनै पनि कुरालाई छिट्टै बुझ्न सक्छ, सम्झिन सक्छ ।

स्मरण क्षमता बढाउन यी माथिको सबै कुरा लागु भएको छ तै पनि स्मरण क्षमता राम्रो छैन भने मस्तिष्कसम्बन्धी केही बिरामी पो छ कि भनेर जाँच गर्नुपर्छ । समस्या छ भने उपचारपछि स्मरण क्षमता बढ्न सक्छ ।

तपाईंलाई के कुरा बढी जरुरी छ त्यो कुराले पनि कति समयसम्म स्मरण रहन्छ भन्ने कुरा निर्धारित गर्छ । मानौं तपाईंलाई आमाको फोन नम्बर याद हुन्छ । तर साथीको नम्बर याद नहुन सक्छ । त्यसैले मलाई यो कुरा जरुरी छ है भनेर हामीले सोच्यौ भने पनि त्यो कुरा लामो समय स्मरण हुन्छ ।

### किन स्मरण क्षमता कमजोर हुन्छ ?

हाम्रो मस्तिष्कमा हजारौं ‘न्युरोन’हरू हुन्छन्, जसले विभिन्न केमिकलमार्फत सन्देश प्रवाह गरिरहेको हुन्छ । मस्तिष्कले आराम पाएन भने हाम्रो मस्तिष्कमा भएको ‘न्युरोन’ केमिकलमा परिवर्तन आउँछ र स्मरण क्षमता कम हुन्छ ।

विद्यार्थी जीवनमा पढेको स्मरण नै भएन, पढेको कुरा एकैछिनमा भन्ने गुनासो त प्रायः सबैको हुन्छ । यो समस्यालाई मानसिक स्वास्थ्यको दृष्टिकोणले हेर्दा तनावको कारण यस्तो हुन्छ । पढाइको तनावले गर्दा नै यो समस्या हुन्छ । कम पढ्ने तर पढ्नुपर्छ भन्ने तनाव चाहिं बढी लिंदा हाम्रो स्मरण क्षमता राम्रो हुँदैन । पढ्नुपर्छ भन्ने कुरालाई मनदेखि आत्मसात नगर्दा त्यो स्मरणमा गएर बस्दैन र चाहिएको बेला याद पनि आउँदैन ।

बालबालिकामा स्मरण क्षमता कमजोर हुने अर्को कारण पर्याप्त मात्रामा निद्रा नपुग्नु हो । अहिले बालबालिका मोबाइलमा धेरै समय बिताउँछन्, जसले गर्दा उनीहरूको सुत्ने रुटिन बिग्रिएको छ, पर्याप्त निद्रा पुग्दैन । निद्रा नपुग्दा हाम्रो मस्तिष्कले आराम पाउँदैन । तनाव, निद्राको कमी, खानपान, व्यायामको कमी, धुम्रपान-मद्यपानको सेवन र जथाभावी औषधिको सेवनले पनि स्मरण क्षमता कमजोर हुन्छ ।

### मस्तिष्कको क्षमता बढाउन

तनावमुक्त हुने : तनावले गर्दा विभिन्न मानसिक समस्या निम्तिन सक्छ, जसले गर्दा मस्तिष्कको कार्यक्षमता कम हुन्छ । त्यसैले मस्तिष्कको कार्यक्षमता बढाउन तनावमुक्त हुनु एकदमै जरुरी छ । तनावमुक्त भयो भने स्मरण शक्ति बढ्छ ।

शारीरिक व्यायाम : शारीरिक रूपले सक्रिय हुनु मस्तिष्कको स्वास्थ्यका लागि ठूलो काम गर्छ । व्यायामले मस्तिष्क रसायन विज्ञानलाई परिवर्तन गर्छ । यसले मस्तिष्कलाई रक्त र अक्सिजनलाई पम्प गर्न पनि सहयोग गर्छ ।

सन्तुलित खानपान : हामी जे खान्छौं, त्यसको असर मस्तिष्कको क्रियाशीलता, स्मरण र तार्किक क्षमतामा पनि पर्छ । मस्तिष्कका लागि सन्तुलित र पोषणयुक्त भोजनको आवश्यकता हुन्छ, जसले यसलाई क्रियाशील बनाउँछ ।

कुलतबाट बच्ने : चुरोट तथा रक्सीले शरीरको हरेक अंगमा हानि गरे जस्तै मस्तिष्कमा पनि असर पुऱ्याउँछ । त्यसैले मस्तिष्कको क्षमता शक्ति बढाउन चुरोट, रक्सीको लतबाट बच्नुपर्छ ।

पर्याप्त मात्रामा निदाउने : मस्तिष्कको क्षमता बढाउन निद्रा पनि उत्तिकै जरुरी छ । दैनिक कम्तीमा पनि आठ घण्टा निदाउनुपर्छ । निद्रा पुग्दा मस्तिष्कले आराम पाउँछ र यसको क्षमता बढ्छ ।

औषधिको कम प्रयोग गर्ने : मेडिकल वा आयुर्वेदिक कुनै पनि प्रकारको औषधिको धेरै सेवनले मस्तिष्कको कार्यक्षमता कमजोर हुन्छ । त्यसैले साधारण दुखाइमा पनि औषधिको सेवन गर्नु हुँदैन ।

आत्मविश्वास बढाउने : आफू र आफ्नो क्षमतामा विश्वास गर्नुपर्छ । म जस्तो छु, ठीक छु भनेर आफ्नो आत्मविश्वास बढाउनुपर्छ । अरुसँग आफूलाई तुलना नगर्ने र खुसी हुने हो भने आत्मविश्वास बढ्छ । आत्मविश्वास बढेपछि मस्तिष्कको क्षमता पनि बढ्छ ।

(डा. थापा महाराजगन्जस्थित नेसनल न्युरो सेन्टरका वरिष्ठ न्युरोलोजिस्ट हुन् । उनीसँग सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित/स्रोतः अनलाईनखबर)

## साहित्य संगमले साहित्य महोत्सव गर्ने

# एघार जना साहित्यकारलाई सम्मान गरिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरले साहित्य महोत्सवको आयोजना गर्ने जनाएको छ । शनिबार पत्रकार सम्मेलनको आयोजना गरेर आगामी बैशाखमा हेटौंडा साहित्य महोत्सव-२०८० आयोजना गर्ने जानकारी दिएको छ। महोत्सवसँगै संगमले ११ जना व्यक्तित्वलाई सम्मान गर्ने पनि जनाएको छ ।

साहित्यसहित हेटौंडाका विविध पक्षमा बहस तथा छलफलका लागि महोत्सवमा आयोजना गरिएको संगमकी अध्यक्ष अनिता न्यौपानले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा आयोजना गरिने महोत्सवका लागि नेपाल प्रज्ञा प्रतिष्ठानसहितका संस्थासँग सहकार्यका लागि छलफल भइरहेको उहाँले बताउनुभयो । महोत्सव वैशाख ८ र ९ गते आयोजना गरिने भएको छ ।

महोत्सवमा साहित्यका विभिन्न पक्षमा, हेटौंडाको विकासको बहस, कविता वाचन, गजल महफिल, मुक्तक वाचन, पुस्तक प्रदर्शनी, चित्रकला प्रदर्शनी, आदिवासी जनजातिका कथा लगायतका विषय रहेको अध्यक्ष न्यौपानले बताउनुभयो । महोत्सवमा वागमती प्रदेशसहित देशका विभिन्न स्थानबाट साहित्यकारहरुको सहभागित रहने जनाइएको छ । महोत्सव सम्पन्न गर्नका लागि ५ लाख लाग्ने अनुमान गरिएको छ ।

महोत्सवकै अवसरमा संगमले मकवानपुर साहित्य श्री सम्मान २०७९ का लागि मकवानपुरमा रही साहित्यकार/गीतकार शम्भु बास्कोटालाई प्रदान गर्ने भएको छ । जसको राशी १५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ । यो सम्मान तत्कालिन जिविस मकवानपुरले दुई लाख राशीको अक्षयकोष मार्फत् स्थापना गरिएको थियो । यस्तै, हास्यव्यङ्ग्यकार भैरव अर्याल परिवारको सहयोगमा साहित्य संगम मकवानपुरले दुई लाख पचास हजारको अक्षयकोष स्थापना गरेको भैरव अर्याल स्मृति सम्मान २०७९ साहित्य लेखन, पत्रकारिता, व्यङ्ग्य र बज्जिका भाषामा निरन्तर साधनारत सञ्जय साहलाई प्रदान गरिने भएको छ । यसको राशी २१ हजार १ सय ११ रुपैयाँ रहेको छ ।

यसैगरी हाँस्यव्यङ्ग्यकार आरसी रिजालले आफ्नो आमाको स्मृतिमा स्थापना गर्नुभएको अणकुमारी स्मृति साहित्य पुरस्कार यसबर्ष ज्ञानदीप शिक्षा निकेतनकी उपासना थापालाई प्रदान गरिने भएको छ । जसको राशी ५ हजार रुपैयाँ रहेको छ । यो पुरस्कार ९ देखि १२ कक्षामा अध्ययनरत छात्राहरु बीच चित्रकला प्रतियोगिता गराई छनोट गरी प्रदान गर्न लागिएको हो । प्रत्येक बर्ष साहित्य तथा कलाका फरक-फरक विधामा प्रतियोगिता गराई यो पुरस्कार प्रदान गर्ने गरिएको छ । यस्तै शिक्षासेवी डेण्डीजंग शाहले आफ्ने दिवंगत छोराको स्मृतिमा स्थापना गर्नुभएको शेषजंग स्मृति कथा पुरस्कार यसबर्ष बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी छात्रा कृषाङ्गी अर्याललाई प्रदान गरिने भएको छ। जसको राशी ५ हजार रुपैयाँ रहेको छ। सो पुरस्कार ९ देखि १२ कक्षामा अध्ययनरत छात्रछात्राहरु बीच कथा प्रतियोगिता गराई छनोट गरी प्रदान गर्न लागिएको हो। प्रत्येक बर्ष साहित्यको कथा विधालाई यो पुरस्कार प्रदान गरिँदै आएको छ ।

यसैगरी, साहित्यकार विशाल अधिकारी (आशुतोष) ले आफ्नो पिताको सम्झनामा स्थापना गर्नुभएको भेषनाथ अधिकारी स्मृति छन्द सम्मान यस बर्ष छन्दकवि सुदेश सत्याललाई प्रदान गरिने भएको छ । जसको राशी १५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ । यस्तै, हाल अमेरिका निवासी दीपक मुडभरीले आफ्नो मातापिताको नाममा स्थापना गर्नुभएको सुभद्रादेवी-मदन मुडवरी स्मृति सम्मान २०७९ का लागि साहित्यकार पूर्णकला घिमिरेलाई प्रदान गरिने भएको छ। यसको राशी दश हजार रुपैयाँ रहेको छ।

यस्तै, शिक्षासेवी देवप्रसाद श्रेष्ठले आमाको स्मृतिमा स्थापना गरेको मंगलादेवी श्रेष्ठ स्मृति नारी सम्मान-२०७९ का लागि मकवानपुरमा जन्मेर काठमाडौं कर्मथलो बनाई साहित्यमा सक्रिय स्रष्टा बिना थिङलाई प्रदान गरिने भएको छ। जसको राशी दश हजार रुपैयाँ रहेको छ । यसैगरी, साहित्यसेवी मुक्तिगाविन्द वैद्य र उहाँकी धर्मपत्नी तारादेवी वैद्यले स्थापना गर्नुभएको मुक्ति-तारा सम्मान २०७९ का लागि सुत्रकथाकार श्यामकृष्ण ज्ञवाली (एसके निधन) लाई प्रदान गरिने भएको छ । जसको राशी दश हजार रुपैयाँ रहेको छ।

यस्तै, हाल अस्ट्रेलिया बसोबास गर्दै आउनुभएका साहित्यकार जेनन नेपाल र शर्मिला दुलालले आफ्नो हजुरआमा हजुर बुबाको स्मृतिमा स्थापना गर्नुभएको डम्बर पूर्णमाया स्मृति कविता सम्मान २०७९ का लागि साहित्यकार मनु मञ्जिललाई प्रदान गरिने निर्णय गरेको छ । जसको राशी २२ हजार २ सय २२ रुपैयाँ रहेको छ । यो सम्मान पहिलोपटक प्रदान गर्न लागिएको हो ।

संगमका संस्थापक मध्येका एक साहित्यकार केशव श्रेष्ठ 'ज्योति' ले साहित्य संगम मकवानपुरको नाममा स्थापना गर्नुभएको साहित्य संगम मकवानपुर स्मृति कृति सम्मान-२०७९ का लागि कथा संग्रह अपरिचित अनुहारका लागि साहित्यकार महेश पौडेललाई प्रदान गरिने भएको छ। जसको राशी २५ हजार रहेको छ । यसै बर्षबाट प्रदान गरिन लागेको यस सम्मानका लागि २०७८ सालभित्र प्रकाशित भएका कथाका कृतिहरुबाट छनोट गरिएको हो ।

यसैगरी, साहित्यकारद्वय ऋषि केबी र पूण्यशिला श्रेष्ठले आफ्नो मातापिता/सासुससुराको नाममा स्थापना गरेको रामहरि-देवु युवा सम्मान-२०७९ का लागि साहित्यकार/कवि छवि अनित्यलाई प्रदान गर्ने निर्णय गरेको छ। यस बर्षदेखि प्रदान गर्न लागिएको सम्मानको राशी दश हजार रहेको छ । २०४४ सालमा स्थापना भएको संगमले हेटौँडा उपमहानगरपालिकासँगको साझेदारीमा २०५९ सालदेखि पुष्पलाल स्मृति पुस्तकालय पनि सञ्चालन गर्दै आइरहेको छ। संगमको हेटौंडामा आफ्नै भवन समेत रहेको छ ।

# मातृभूमि सम्मान समर्पण



आरजु सत्याल

हेटौंडाः मातृभूमि साहित्य समाजले विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरेको छ । समाजले शनिबार विविध साहित्य कार्यक्रम गर्दै पुरस्कार तथा सम्मान समर्पण गरेको हो ।

सोही अवसरमा समाजको २३ औ वार्षिक साधारणसभासमेत सम्पन्न गरिएको छ। हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष ललित घलानको प्रमुख आतिथ्य थियो । कार्यक्रम समाजका अध्यक्ष माधव पोखरेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

मातृभूमि साहित्य समाजले ८ जनालाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ। काठमाडौंका वरिष्ठ संगीतकार भुपेन्द्र रायमाझीलाई २० हजार नगद राशिसहित नित्यगोविन्द स्मृति मातृभूमि संगीत पुरस्कार प्रदान गरियो। काठमाडौंकी सहित्यकार सीता विस्ट कार्कीलाई नगद २१ हजार रुपैयाँ राशिको मायादेवी मातृभूमि साहित्य पुरस्कार प्रदान गरिएको छ ।

मकवानपुरका गायक तथा संगीतकार सुजिल कर्माचार्यलाई हातेमालो मातृभूमि युवा सिर्जनशील युवा सम्मान पुरस्कार प्रदान गरिएको छ । यसको नगद राशि १० हजार रुपैयाँ छ। मकवानपुरका अग्रज सहित्यकार रमेशमोहन आधिकरीलाई १५ हजार रुपैयाँ राशिको क्षेत्रबहादुर बानिया स्मृति मातृभूमि सम्मानबाट पुरस्कृत गरिएको छ ।

रौतहटका साहित्यकार हरिकृष्ण काफ्लेलाई १५ हजार पुरस्कार राशिको राजकुमार बानिया स्मृति मतृभूमि सम्मान प्रदान गरिएको छ । मकवानपुरका बालगायक चिराग डंगोललाई ७ हजार ५ सय रुपैयाँ राशिको मङ्गलादेवी श्रेष्ठ स्मृति मातृभूमि बाल सम्मान प्रदान गरिएको छ ।

यस्तै, कलैयाका सहित्यकार अप्सरा पुडासैनीलाई १० हजार रुपैयाँ पुरस्कार राशिको मायादेवी मातृभूमि साहित्य सम्मान प्रदान गरियो। मकवानपुरकी सञ्चारकर्मी सम्झना कार्कीलाई १० हजार रुपैयाँ राशिको मञ्जु सुवेदी मातृभूमि सम्मान प्रदान गरिएको छ ।

# साहित्य संगमको ३२९ औं सन्ध्या

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुर को ३२९ औं नियमित साहित्य सन्ध्या सम्पन्न भएको छ । शनिबार संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा साहित्यकार देवराज खरेलको प्रमुख आतिथ्यमा सन्ध्या आयोजना गरिएको हो।

सन्ध्यामा एक दर्जनभन्दा बढी साहित्यकारहरुले रचना वाचन गर्नुभयो । सन्ध्यामा साहित्यकारहरुले कविता, मुक्तक, गजल, लघुकथाजस्ता रचनाहरु वाचन गर्नुभएको हो । शून्यतामा प्रेम, हामी, परिवर्तन, पूर्णविराम, नदी, गनाएको गह, डिजिटल नेपाललगायत शीर्षकमा रचना वाचन गरिउको थियो ।

कार्यक्रममा साहित्यकारहरु पूर्णकला घिमिरे, देवराज तिवारी, श्रीराम अधिकारी, सानु खनाल, माधव पोखरेललगायतको उपस्थिति थियो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

# कैलाशमा उपाध्यक्ष कप भलिबल प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाकामा पहिलो संस्करणको उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। आगामी चैत १८ गतेदेखि २० गतेसम्म प्रतियोगिता हुने कैलाश गाउँपालिका खेलकुद विकास समितिका सदस्य रवीन्द्र थिङले जानकारी दिनुभयो ।

कैलाश-३, कालिकाटारमा हुने प्रतियोगितामा पालिकाका १० वटै वडाका टिम सहभागी हुनेछन्। प्रतियोगिता लिगकम नकआउटका आधारमा खेलाइने थिङले बताउनुभयो । प्रतियोगितामा सहभागी हुन आगामी चैत १६ गतेसम्म टिमदर्ताको समय दिइएको छ । सोही दिन खेल तालिका सार्वजनिक गरिने उहाँले बताउनुभयो ।

प्रतियोगिताको विजेता टिमले नगद ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद ४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, तृतीय हुने टिमले २० हजार र सान्त्वना हुने वडाले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। कैलाश खेलकुद विकास समितिले गत चैत १ गतेदेखि गाउँपालिकास्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता सञ्चालन गरेको थियो । फुटबल प्रतियोगितामा पनि प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने टिमलाई क्रमशः ६० हजार, ४० हजार, २० हजार र १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।




# मकवानपुर-११ सेमिफाइनलमा



समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको सिमरामा जारी सिमरा गोल्डकपमा मकवानपुर-११ सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार भरतपुर फुटबल क्लब (बीएफसी) लाई टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित गर्दै मकवानपुर-११ फाइनल प्रवेश गरेको हो। निर्धारित समय र थप गरिएको समय दुईपटकको अग्रता जोगाउन नसक्दा खेल बराबरीमा धकेलिएको थियो ।

खेलको सुरुवाती १० मिनेटमै २-० को अग्रता बनाएको मकवानपुरले निर्धारित समय बराबरीमा टुंग्याएको थियो । थप गरिएको समयमा पनि ३-२ को अग्रता बनाएको मकवानपुरविरुद्ध थप गरिएको दोस्रो हाफमा बीएफसीले ३-३ को बराबरी बनाउन सफल भयो। थप गरिएको समय पनि ३-३ को बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको हो । टाइब्रेकरमा मकवानपुरका ४ खेलाडीले गोल गर्दा बीएफसीका ३ खेलाडीले मात्रै गोल गर्न सफल भए। खेलमा मकवानपुरका मनिष पौडेल म्यान अफ द म्याच घोषित हुँदै नगद १० हजार रुपैयाँ र ट्रफी प्राप्त गरेका छन् । उद्घाटन खेलमा आयोजक नव जनजागृति युवा क्लबलाई पराजित गर्दै बीएफसीले मकवानपुर-११ सँगको भेट पक्का गरेको थियो ।

प्रतियोगितामा १० वटा टिमको सहभागिता रहेको छ। चैत्र १८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको बिजेताले नगद १० लाख रुपैयाँ र उप बिजेताले नगद ५ लाख रुपैयाँ पाउनेछन् । रात्रीकालिन समयमा फ्लड लाईटमा आयोजना भएको प्रतियोगितामा यसबर्ष फुड फेस्टिबलको आयोजना गरिएको छ। आयोजक क्लबसँगको सहकार्यमा होटल तथा पर्यटन व्यवसायी संघ बाराले फुडफेस्टिबलको आयोजना गरेको हो । फुड फेस्टिबलमा खानाका बिभिन्न परिकारका स्टल राखिएको छ ।

# शान्ति प्रियवन्दनालाई जसुदा सम्मान

समाज संवाददाता

हेटौंडाः जसुधा साहित्य सम्मान-२०७९ बाट मकवानपुरकी साहित्यकार शान्ति प्रियवन्दना सम्मानित हुनुभएको छ । सुदूरपश्चिम साहित्य समाजले शनिबार विश्व नेपाली नारी सम्मेलन तथा महोत्सवमा शान्तिलाई नगद २५ हजार रुपैयाँ राशिसहित सम्मानपत्रले सम्मानित गरिएको हो ।

साहित्य, कला, संस्कृति, समग्र सुदूर पश्चिम पहिचानलाई उजागर गरौं, धनगढीलाई बौद्धिक बहस र चेतनाको रुपमा स्थापित गरौं भन्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेटने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगल मात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ